# बार्षिक प्रतिवेदन

# २०८०/०८१



नेपाल सरकार

अर्थ मन्त्रालय

## आन्तरिक राजस्व विभाग

## आन्तरिक राजस्व कार्यालय, कृष्णनगर

## कपिलवस्तु

“ स्वेच्छिक सहभागिता सहितको फराकिलो कराधारः दिगो र उत्पादनमुखी अर्थतन्त्रको आधार ”

# बार्षिक प्रतिवेदन

# २०८०/०८१

नेपाल सरकार

अर्थ मन्त्रालय

## आन्तरिक राजस्व विभाग

## आन्तरिक राजस्व कार्यालय, कृष्णनगर

## कपिलवस्तु

# भूमिका

सामाजिक न्याय, आर्थिक विकास र सम्वृद्धि हासिल गर्न आन्तरिक श्रोतको महत्वपूर्ण भूमिका रहन्छ । सार्वजनिक खर्च व्यवस्थापनको भरपर्दो श्रोत आन्तरिक राजस्व परिचालन हो । नेपालमा आन्तरिक राजस्व परिचालनको लागि अर्थ मन्त्रालय अन्तर्गत आन्तरिक राजस्व विभाग रहेको छ ।आन्तरिक राजस्व विभाग अन्तर्गत ठूला करदाता कार्यालय, मध्यमस्तरीय करदाता कार्यालय लगायत ४५ वटा आन्तरिक राजस्व कार्यालय र ३९ वटा करदाता सेवा कार्यालयहरु रहेका छन। कपिलवस्तु र अर्घाखाँची जिल्ला कार्यक्षेत्र रहेको यस आन्तरिक राजस्व कार्यालय, कृष्णनगर कपिलवस्तु जिल्लाको कृष्णनगर नगरपालिका वडा नं ०१ मा पर्दछ । यस कार्यालय अन्तर्गत करदाता सेवा कार्यालय, तौलिहवा र करदाता सेवा कार्यालय सन्धिखर्क रहेका छन् । आन्तरिक राजस्व कार्यालय कृष्णनगर कर प्रणालीलाई स्वच्छ, सरल, पारदर्शी, प्रविधिमैत्री एवम करदातामैत्री बनाई स्वेच्छिक कर सहभागिताको माध्यमबाट राजस्व परिचालनमा प्रभावकारिता ल्याउन प्रयासरत रहेको छ ।

" स्वेच्छिक सहभागिता सहितको फराकिलो कराधारः दिगो र उत्पादनमुखी अर्थतन्त्रको आधार " भन्ने अभिप्रायका साथ आफूलाई समय सुहाँउदो एवम व्यवसायिक संगठन बनाउने दिशामा लागिरहेको छ । यस कार्यालय राजस्व प्रणाली र प्रक्रियामा सरलीकरण गर्दै सेवा प्रवाहमा करदातामैत्री व्यवहार, कार्य फछ्र्यौटमा तीव्रता, नयाँ क्षेत्रको पहिचान गरी करको दायरा बिस्तार आदि जस्ता कार्यमा क्रियाशील रहेको छ ।

आन्तरिक राजस्व विभागबाट प्राप्त राजस्व संकलन एवम कार्यगत तथ्य (Functional Target) पूरा गर्न यस कार्यालय प्रतिबद्ध रहेको छ । विभागीय निर्देशनानुसार लक्ष्य प्राप्तीका लागि गरिएका प्रयास तथा उपलब्धीको विश्लेषण गरी आ.व.२०८०/८१ मा कार्यालयले सम्पादन गरेका कार्यहरुको समीक्षा गर्दै यो वार्षिक प्रतिवेदन प्रस्तुत गर्न पाँउदा मलाई खुशी लागेको छ ।

आर्थिक वर्ष २०८०/८१ मा यस कार्यालयलाई १ अर्ब २५ करोड ५३ लाख ३१ हजार राजस्व संकलन गर्ने तथ्य तोकिएकोमा १ अर्ब ४ करोड ५२ लाख ३४ हजार प्रगति भै ८३.२६ प्रतिशत प्रगति भएको छ । पूँजीगत खर्चको प्रभावकारी परिचालन हुन नसकेको र निर्माण सामाग्रीजन्य वस्तुको आन्तरिक मागमा कमी आएको सन्दर्भमा ८३.२६ प्रतिशत उपलब्धी हुनुलाई पनि

सन्तोषजनक मान्नुपर्ने अवस्था देखिन्छ । विगत आ.व.२०७९/८० मा संकलित कुल राजस्वको तुलनामा यस वर्ष २.९३ प्रतिशत वृद्धि भएको छ ।

यस वर्ष आ.व २०८०/८१ मा व्यवसायिक स्थायी लेखा नम्बर(Business PAN) तर्फ ५६७ करदाता दायरामा आई २०८१ आषाढ मसान्तसम्ममा १०६९० व्यवसायिक स्थायी लेखा नम्बर लिने करदाताको सङ्ख्या पुगेको छ । व्यक्तिगत स्थायी लेखा नम्बर (Personal PAN) करदाताको संख्या २०८१ आषाढ मसान्तसम्म ३१७०२ पुगेको छ।कर प्रणालीमा भएको सुधार अनुसार वार्षिक ३० लाखसम्म कारोबार गरेका डे-०१ आय विवरण भर्ने करदाता र वार्षिक ३० लाख देखि १ करोडसम्म कारोबार गरेका डे-०२ आय विवरण भर्ने करदाताले घरमै बसी क्यु आर कोड सहितको करचुक्ता आफैले निकालेर प्रिन्ट गर्ने व्यवस्था गरिएको छ ।

आफ्नो कार्यक्षेत्र मातहतका करदाता सेवा कार्यालयहरुको नियमित अनुगमन गरी कार्यालयलाई निर्देशन दिने, कर सम्बन्धी सचेतना तथा अन्तरक्रिया कार्यक्रम संचालन गर्ने, भारतीय बजारबाट अवैधरुपमा आयात हुनसक्ने सम्भाव्य वस्तुहरुलाई ध्यानमा राखि निगरानी तथा अनुगमन गर्ने, कर छली गर्ने उपर कडा रुपमा प्रस्तुत हुने र कर परिपालना गर्ने करदातालाई सहजीकरण गर्ने यस कार्यालयको प्रमुख उद्धेश्य रहेको छ ।

अन्त्यमा यस आर्थिक वर्षमा सम्पादन गरिएका कार्यको प्रगति हासिल गर्न आन्तरिक राजस्व विभागका श्रीमान महानिर्देशकज्यू, श्रीमान उप-महानिर्देशकज्यू लगायतले दिनुभएको मार्ग निर्देशन र उत्प्रेरणाका लागि विशेष आभार व्यक्त गर्दछु । यसैगरी कार्यालयको लक्ष्य प्राप्तिमा सहयोग पुर्‍याउनु हुने करदाता लगायत यस कार्यालका र करदाता सेवा कार्यालयका कर्मचारीहरुप्रति धन्यवाद व्यक्त गर्न चाहन्छु । यो प्रतिवेदन तयार पार्न महत्वपूर्ण भूमिका निर्वाह गर्नुहुने कर अधिकृतद्धय हेरम्बराज न्यौपाने, जग्गुलाल खराल र डा.ई.सु राजु पुन लगायतलाई हार्दिक धन्यवाद दिन चाहन्छु ।

उद्धवराज न्यौपाने
प्रमुख कर अधिकृत
२०८१ श्रावण

# विषय सूची


| सि.नं. | शिर्षक | पेज नं. |
|---|---|---|
| | कार्यकारी सारांश | १ |
| १ | सामान्य जानकारी | २ |
| १.१ | परिचय | २ |
| २ | समष्टिगत उपलब्धिहरु | ३ |
| २.१ | आर्थिक वर्ष २०८०/०८१ को समष्टिगत उपलब्धिहरु | ३ |
| २.२ | करदाता सेवा शाखा | ५ |
| २.३ | कर संकलन शाखा | ६ |
| २.४ | कर परीक्षण, अनुसन्धान तथा कर फिर्ता | ६ |
| २.५ | कर संकलन शाखा, समष्टिगत विष्लेषण | ७ |
| २.५.१ | बेरुजु लगत | १३ |
| २.५.२ | बक्यौता असुलीमा उपलब्धी | १५ |
| २.५.३ | करदाता शिक्षाको अवस्था | २२ |
| २.५.४ | राष्टिय कर दिवस तथा कर सप्ताह कार्यक्रम, २०८० | २३ |
| ३ | पूर्ण कर परीक्षण शाखा | २३ |
| ३.१ | कर अनुसन्धान | २७ |
| ३.२ | अवैध मदिरा नियन्त्रण | २९ |
| ३.३ | कर संकलन लागत | ३० |
| ३.४ | सूचना प्रविधाको प्रयोग | ३० |
| ३.५ | एकीकृत बजार अनुगमन | ३० |
| ३.६ | प्रतिष्पर्धात्मक व्यवस्थापनमा आन्तरिक राजस्व कार्यालय कृष्णनगरको स्थान | ३० |

# तालिकाहरुको सूची


| | | |
|---|---|---|
| तालिका नं. १ | समग्र राजस्व लक्ष्य तथा प्रगती | ८ |
| तालिका नं. २ | मू.अ.कर असूली | ९ |
| तालिका नं. ३ | आयकर असूली | १० |
| तालिका नं. ४ | अन्तःशुल्क असूली | ११ |
| तालिका नं. ५ | आन्तरिक राजस्व संकलनको समष्टिगत विश्लेषण | १२ |
| तालिका नं. ६ | बेरुजू फछ्यौट सम्परीक्षण | १४ |
| तालिका नं. ७ | Income Tax & VAT Arrear Collection 2080/81 | १५ |
| तालिका नं. ८ | कानूनी कारबाहीको स्थिती | १५ |
| तालिका नं. ९ | संकलन भ्रमण | १६ |
| तालिका नं. १० | करदाता दर्ताको स्थिती | १७ |
| तालिका नं. ११ | आयविवरण द्रुत लेखापरीक्षण | १८ |
| तालिका नं. १२ | आयविवरण द्रुत लेखापरीक्षणबाट माग गरिएको रकमको विवरण | १९ |
| तालिका नं. १३ | मू.अ.करमा दर्ता भएका करदाताले बुझाएको विवरणको अवस्था | २० |
| तालिका नं. १४ | करदाताले बुझाएको आय विवरणको अवस्था | २१ |
| तालिका नं. १५ | करदाता शिक्षाको लक्ष्य र प्रगतीको अवस्था | २२ |
| तालिका नं. १६ | कर परीक्षण गर्न बाँकी करदाताको विवरण | २३ |
| तालिका नं. १७ | पुर्ण करपरीक्षण भएको संख्या | २४ |
| तालिका नं. १८ | आयकर निर्धारण | २६ |
| तालिका नं. १९ | मू.अ.कर निर्धारण | २७ |
| तालिका नं. २० | विस्तृत अनुसन्धानको संख्यात्मक विवरण | २८ |
| तालिका नं. २१ | कर अनुसन्धानबाट कर निर्धारण | २९ |

# चित्रहरुको सूची


| | | |
|---|---|---|
| चित्र नं. १ | समग्र राजस्वको संरचनात्मक अवस्था........................................ | ८ |
| चित्र नं. २ | मू.अ.कर संरचनात्मक अवस्था................................................ | ९ |
| चित्र नं. ३ | आयकरको संरचनात्मक अवस्था............................................... | १० |
| चित्र नं. ४ | अन्तःशुल्क संरचनात्मक अवस्था.............................................. | ११ |
| चित्र नं. ५ | बृतमा राजस्वको संरचनात्मक अवस्था....................................... | १२ |
| चित्र नं. ६ | बेरुजू फछ्यौट सम्परीक्षण संरचनात्मक अवस्था........................... | १४ |
| चित्र नं. ७ | संकलन भ्रमण संरचनात्मक स्थिती........................................... | १६ |
| चित्र नं. ८ | करदाता दर्ताको संरचनात्मक स्थिती......................................... | १७ |
| चित्र नं. ९ | आयविवरण द्रुत लेखापरीक्षण संरचनात्मक स्थिती......................... | १८ |
| चित्र नं. १० | द्रुत लेखापरीक्षणबाट संकलन रकमको संरचनात्मक स्थिती.............. | १९ |
| चित्र नं. ११ | मू.अ.करमा विवरण बुझाएको संरचनात्मक स्थिती.......................... | २० |
| चित्र नं. १२ | करदाताले बुझाएको आय विवरणको संरचनात्मक स्थिती................. | २१ |
| चित्र नं. १३ | करदाता शिक्षाको संरचनात्मक स्थिती....................................... | २२ |
| चित्र नं. १४ | पुर्ण करपरीक्षण भएको संख्या स्तम्भमा...................................... | २४ |
| चित्र नं. १५ | कर निर्धारण तुलनात्मक अवस्था............................................. | २५ |
| चित्र नं. १६ | आयकर निर्धारण................................................................. | २६ |
| चित्र नं. १७ | मू.अ.कर निर्धारण............................................................... | २७ |
| चित्र नं. १८ | विस्तृत अनुसन्धानको संख्यात्मक विवरण................................... | २८ |
| चित्र नं. १९ | कर अनुसन्धानबाट कर निर्धारण.............................................. | २९ |


## अनुसूची


| | | |
|---|---|---|
| अनुसूची १ | आन्तरिक राजस्व कार्यालयको कार्यक्षेत्र...................................... | ३१ |
| अनुसूची २ | यस कार्यालय अन्तरगतका करदाता सेवा कार्यालयहरु.................... | ३१ |
| अनुसूची 3 | कार्यालयको कर्मचारीहरुको संरचनात्मक अवस्था................................ | ३२ |

## कार्यकारी सारांश

आन्तरिक राजस्व कार्यालय कृष्णनगर लुम्बिनी प्रदेश अन्तर्गत कपिलवस्तु जिल्लामा अवस्थित छ । कपिलवस्तु र अर्घाँखाँची जिल्ला कार्यक्षेत्र रहेको यस कार्यालयबाट आन्तरिक राजस्व प्रशासन सम्बन्धी कार्यहरु कार्य सम्पादन गर्दछ । यस कार्यालयले मुलुकको आर्थिक विकासका लागि आवश्यक आन्तरिक स्रोतको परिचालनलाई प्रभावकारी बनाउन आन्तरिक राजस्वको संकलन र व्यवस्थापनको कार्य गर्दै आएको छ । यस कार्यालयबाट आयकर, मू.अ.कर, अन्तःशुल्क, बहालकर, ब्याज कर, स्वास्थ्य जोखिम करको प्रशासन हुदै आएको छ । करदातालाई छिटोछरितो, गुणस्तरीय र करदातामैत्री सेवा प्रदान गरी राजस्व संकलन बृद्धि गर्नु यस कार्यालयको प्रमुख उद्देश्य रहेको छ । आफनो उद्देश्य हासिल गर्न यस कार्यालयले लक्षित कार्य सम्पादन गर्न र स्वेच्छिक कर सहभागिताको स्तर उच्च बनाउन प्राथमिकताका साथ कार्य गर्दै आएको छ ।

कर प्रशासनका सामु देखिएका स्वेच्छिक कर सहभागिता बढाउंदै करको दायरा विस्तार गर्ने, करदातालाई आफनो वास्तविक कारोबार घोषणा गर्न लगाउने जस्ता चुनौतिहरु  सामना गर्न यो कार्यालय सधै अग्रसर रहदै आएको छ । करसम्बन्धी जनचेतना ग्रामिण स्तरसम्म पुरयाउने, जोखिममा आधारित कर परीक्षण गर्ने, न्यायिक सिद्धान्तमा आधारित रहेर कर निर्धारण गरी कर प्रशासनलाई प्रभावकारी बनाउदै करदाताबाट कर कानूनको परिपालनाको स्तर उच्च बनाउने कार्यमा यस कार्यालयको ध्यान केन्द्रित रहेको छ ।

यस कार्यालयले राजस्वका बिद्यमान नीति, कानून, विभागीय निर्देशन र कार्यगत परिसुचकहरुलाई आधार मानी कार्यालयको शाखागत व्यवसायिक कार्य योजना समेतको आधारमा आर्थिक वर्ष २०८०/०८१ मा हासिल भएका  मुख्य उपलब्धीलाई यस खण्डमा प्रस्तुत गरिएको छ ।

# १.सामान्य जानकारी

## १.१ परिचय

प्रत्यक्ष प्रतिफलको आशा नगरीकन सरकारलाई बुझाउनूपर्ने अनिवार्य भूक्तानीलाई कर भनिन्छ । आन्तरिक राजस्व विभाग अन्तर्गत रहेर आन्तरिक राजस्व कार्यालय कृष्णनगरले प्रत्यक्ष र अप्रत्यक्ष दूवै करको प्रशासन गरेको छ । आर्थिक वर्ष २०८०/०८१ मा सम्पादित कार्य र आगामी गन्तव्य यस प्रतिवेदनमा उल्लेख गरिएको छ । करदातालाई करदातामैत्री सेवा प्रदान गर्दै कर सहभागिता अभिवृद्धि गरी राजस्व संकलनमा वृद्धि गर्नु कर प्रशासनको मुलभूत उद्देश्य रहेको छ । आन्तरिक राजस्व कार्यालय कृष्णनगरको सोच, गन्तव्य, रणनीति र आगामी कार्यदिशालाई यस परिचय खण्डमा राखिएको छ ।

**सोच (Vision)**

- आधूनिक दक्ष मितव्ययी र स्वच्छ तथा तटस्थ कर प्रणालीको विकास गरी करदातामैत्री सेवा प्रदान गर्नू ।

**गन्तव्य** (Mission)

- स्वेच्छिक कर सहभागिताको प्रबर्द्धन गरी कर सहभागिता वृद्धि गर्ने ।
- करसम्बन्धी जनचेतना ग्रामिण स्तरसम्म पयाउने ।
- कर राजस्वको योगदानमा वृद्धि गर्ने ।
- कर संकलन लागतमा कमी ल्याउने ।
- हामीले तिरेको कर हाम्रै विकासका लागि आधूनिक र समृद्ध नेपाल निर्माणका लागि भन्ने मान्यता स्थापित गर्ने ।
- करदातामैत्री कर प्रशासन सूशासन र समृद्धि हामो अभियान भन्ने मान्यतालाई आत्मसात गर्ने ।

**रणनीति (strategies)**

- करको आधार र दायरा फराकिलो बनाउने।
- करदाता शिक्षा र चेतनामुलक कार्यक्रम संचालन गर्ने।
- स्वेच्छिक कर सहभागिता अभिवृद्धिमा जोड दिने ।
- विद्युतीय सूशासन र अनुशासन कायम गर्ने ।

# २.समष्टिगत उपलब्धिहरुः

## २.१आर्थिक वर्ष २०८०/०८१ को समष्टिगत उपलब्धिहरुः

- ✓ **राजस्व संकलनः** यस कार्यालयलाइ आ.व. २०८०/०८१ मा रु १२५ करोड ५३ लाख ३१ हजार लक्ष्य तोकिएकोमा सो आ.व.मा रु १०४ करोड ५२ लाख ३४ हजार राजस्व असूली भई लक्ष्यको ८३.२६ प्रतिशत प्रगती भएको छ ।
- ✓ **आयकरः** आयकर तर्फ आ.व. २०८०/०८१ मा रु २५ करोड ३९ लाख ८३ हजार लक्ष्य मध्ये रु २५ करोड २१ लाख २७ हजार असुल हुन गई लक्ष्यको ९९.२७ प्रतिशत प्रगती भएको छ ।
- ✓ **मू.अ.करः** रु ४५ करोड १२ लाख ८० हजार लक्ष्य निर्धारण भएकोमा रु ३३ करोड ४४ लाख ८० हजार असुल भई ७४.१२ प्रतिशतले वृद्धि भएको छ । अन्तःशुल्क रु ४८ करोड ६१ लाख ९७ हजार लक्ष्य तोकिएकोमा रु ४१ करोड ९३ लाख ६९ हजार असुल भई ८६.२५ प्रतिशत प्रगती भएको छ ।
- ✓ **करको दायरा विस्तारः** यस कार्यालयबाट आ.व. २०८०/८१ मा ५६७ नयाँ करदाता दर्ता भै २०८१ आषाढ मसान्त सम्ममा व्यवसायिक स्थायी लेखा नम्बर लिने करदाता १०६९०, मू.अ.करमा यस आ.व.मा दर्ता भएका ९१ समेत २०८१ आषाढ मसान्त सम्ममा दर्ता हुने करदाता १४४६ र व्यक्तिगत स्थायी लेखा नम्बर लिने करदाता ३१७०२ रहेका छन ।
- ✓ **करदाता शिक्षाः** यस कार्यालयलाई आ.व.२०८०/०८१ मा १५ वटा करदाता शिक्षा कार्यक्रम संचालन गर्ने लक्ष्य तोकिएकोमा १७ वटा कार्यक्रम संचालन गरी लक्ष्यको ११३ प्रतिशत हासिल गर्न सफल भएको छ ।
- ✓ **बक्यौता असुलीः** यस कार्यालयले आ.व. २०८०/०८१ मा मू.अ.कर तर्फ रु १ करोड ८ लाख २४ हजार बक्यौता फछ्र्यौट गर्ने लक्ष्य रहेकोमा रु ३ करोड ७० लाख बक्यौता फछ्र्यौट गर्ने लक्ष्य तोकिएकोमा रु १ करोड १४ लाख २६ हजार बक्यौता फछ्र्यौट गर्ने लक्ष्य तोकिएकोमा रु १ करोड १६ लाख ८१ हजार बक्यौता फछ्र्यौट भएको छ ।
- ✓ **कानूनी करबाहीः** लामो समयसम्म धैरै बक्यौता राख्ने करदातामध्ये आ.व. २०८०/०८१ मा मू.अ.कर तर्फ १० र आयकर तर्फ १० करदातालाई कानूनी कारबाही गरिएको छ ।

- ✓ <u>बेरुजु फछ्यौट:</u> यस कार्यालयको आ.व. २०७९/८० सम्मको लगती बेरुजु रु १३ करोड ८४ लाख रहेकोमा आ.व. २०८०/०८१ मा रु १२ करोड ८५ लाख ८ हजार अर्थात ९२.८५ प्रतिशत बेरुजु फछ्यौटको लागि लेखी पठाइएको छ ।
- ✓ <u>बजार अनुगमन:</u> यस कार्यालयले आ.व. २०८०/०८१ मा यस कार्यालयको कार्यक्षेत्र भित्र रहेर १५० करदाताको बजार अनुगमन गर्ने लक्ष्य तोकिएकोमा कुल १६५ करदाताको अनुगमन गरेको छ ।
- ✓ <u>कर परीक्षण:</u> यस कार्यालयले आर्थिक वर्ष २०८०/०८१ मा १०९ करदाताको पूर्ण कर परीक्षण गरी आयकर तर्फ ३ करोड ४१ लाख र मू.अ.कर तर्फ ७५ लाख माग गर्ने लक्ष्य तोकिएकोमा ५९ करदाताको पूर्ण करपरीक्षण गरी आयकर तर्फ १ करोड ८४ लाख ८४ लाख ४ हजार र मू.अ.कर तर्फ २९ लाख ७४ हजार कर निर्धारण गरिएको छ ।
- ✓ <u>कर अनुसन्धान:</u> यस कार्यालयले आर्थिक वर्ष २०८०/०८१ मा ५ करदाताको विस्तृत अनुसन्धान गरी आयकर तर्फ १ करोड ४१ लाख ७० हजार र मू.अ.कर तर्फ १ करोड २० लाख ९६ हजार कर निर्धारण गर्ने लक्ष्य तोकिएकोमा ८ करदाताको विस्तृत अनुसन्धान गरी आयकर तर्फ ३० लाख ४२ हजार र मू.अ.कर तर्फ ५२ लाख ५७ हजार कर निर्धारण गरिएको छ ।
- ✓ <u>कर संकलन लागत:</u> आर्थिक वर्ष २०८०/०८१ मा यस कार्यालयबाट रु १०४ करोड ५२ लाख ३४ हजार राजस्व संकलन गर्न चुल तर्फ रु १ करोड ७४ लाख ६ हजार ३ सय १० खर्च भएको छ भने पूंजीगत तर्फ रु ६ लाख ४४ हजार २ सय ७५ खर्च भएको छ । चालु खर्चको हिसाव गर्दा रु १००० राजस्व संकलन गर्न रु १६.६५ र कुल खर्चको हिसाबले रु १७.२७ लागत परेको छ ।

यस कार्यालयले २०८० मंसिर १ गतेलाई कर दिवस र २०८ मंसिर १ गतेदेखि ७ गतेसम्मलाई कर सप्ताहको रुपमा मनाएको छ ।

- ✓ <u>सूचना प्रविधिको प्रयोग:</u> यस कार्यालयले आफ्नो कार्यसम्पादन गर्दा **OFFICER PORTAL, TAXPARER OORTAL EXISE SOFTWARE, ARREAR MANAGEMENT SYSTEM** को प्रयोगमा जोड दिएको छ ।

- ✓ <u>फाइलिङ प्रणालीमा सूधार :</u> कार्यालयले कम्प्यूटरकृत फाइलिङ प्रणालीमा थप सुधार गरेको छ । यसबाट करदाताको खोजेको बेला तुरुन्तै फाइल प्राप्त भई कार्यसम्पादन छिटोछरितो र प्रभावकारी भएको छ ।
- ✓ <u>हेल्प डेस्कको स्थापना:</u> कार्यालय पसिरभित्र करदाताको सहजिकरणको लागि हेल्प डेस्कको संचालन गरिएको छ ।

- ✓ <u>कार्यालयको मूल्यांकन:</u> आन्तरिक राजस्व विभागको कार्यगत परिसूचकको कार्यसम्पादन मूल्याङ्कनमा यस कार्यालयले ८७.४७ प्रतिशत प्रगती सहित **A grading** प्राप्त गरी सबै आन्तरिक राजस्व कार्यालय र सेवा कार्यालय गरि ८४ को तूलनामा १७ औं स्थानमा रहन सफल भएको छ ।

**आगामी कार्यदिशा (आ.ब.२०८०/०८१)**

**२.२ करदाता सेवा**

- शाखागत कार्ययोजना बनाई कार्यसंम्पादन गर्ने,
- विद्यूतीय तथा छापा माध्यमबाट चेतनामुलक सूचना सम्प्रेषण गर्ने,
- करदाता शिक्षा तथा अन्तरक्रिया कार्यक्रम संचालन गर्ने,
- एकीकृत घुम्ती सेवा कार्यत्रम संचालन गर्ने,
- Non filer को छानबीन गरि विवरण दाखिला गराउने,
- कर दिवस र कर सप्ताह कार्यत्रम संचालन गर्ने,
- करको दायरा विस्तार गर्न अभियानात्मक कार्यक्रम संचालन गर्ने,
- बजार अनूगमन कार्यलाई तीव्रता दिईने,
- कर शिक्षा सम्बन्धी पर्चा पम्पेलेट पोष्टरहरु छपाई वितरण गर्ने,
- आर्थिक ऐन, २०८१ मा भएका व्यवस्थाहरुको कार्यान्वयन लागि प्राथमिकतामा राखी कार्यसम्पादन गर्ने,
- करको योगदान तथा सहभागिताको स्तरको आधारमा उत्कृष्ठ करदातालाई पुरस्कृत गर्ने,
- करदाताको निवेदन अनुसार दर्ता खारेजी तथा स्थानान्तरण गर्ने ।

## २.३ कर संकलन

- शाखागत योजना बनाई कार्यसम्पादन गर्ने,
- संकलन भ्रमण कार्यलाई जोड दिने,
- अग्रिम कर कट्टी र अग्रिम किस्ताबन्दी कर दाखिला बारे प्रचार प्रसार गर्ने,
- बेरुजूको लगत व्यवस्थापन र फछ्र्यौट कार्यलाई उच्च प्राथमिकतामा राख्ने,
- लामो समयसम्म ठुलो रकम बक्यौता राख्ने करदातालाई कानूनी कारबाही गरी असूल उपर गर्ने,
- बक्यौता असूलीको लागि को.ले.नि.का. स्थानीय तह लगायतका सरोकारवाला निकायसंग समन्वय गर्ने,
- प्रशासकीय पुनरावलोकन र पुनरावेदनमा गएका करदाताको लगत व्यवस्थित गर्ने,
- सरकारी कार्यालय तथा निजी विद्यालय लगायतका प्रतिष्ठानहरुको अग्रिम करकट्टि (TDS) अनुगमन गर्ने,

## २.४ कर परीक्षण, अनूसन्धान तथा कर फिर्ता

- कर परीक्षण योजना बनाई कार्यान्वयनमा ल्याउने,
- जोखिममा आधारित कर परीक्षण र अनुसन्धान गर्ने,
- वास्तविक कारोबार नदेखाउने र कानूनको पालना नगर्नेलाई गोप्य रुपमा सूचना संकलन गरी अनूसन्धान गर्रा कर निर्धारण गर्ने ।
- झूठा एवं नक्कली बिल बिजक जारी गर्नेको विस्तृत रुपमा अनुसन्धान गरी कर निर्धारण गर्ने,
- अवैध मदिरा तथा सूर्तिजन्य वस्तु नियन्त्रण कार्यलाई प्राथमिकतामा राखी कार्यसम्पादन गर्ने,
- मिसम्याचमा परेका तथा अन्य तथ्याँक फरक परेका करदाताको कारोबार तथ्याङ्क छानबिन गर्ने,

## कर संकलन शाखा

## समष्टिगत बिश्लेषण

### २.५ समष्टिगत बिश्लेषण

- **राजस्वसंकलनः** यस कार्यालयको आ.व. २०८०/०८१ मा रु १२५ करोड ५३ लाख ३१ हजार लक्ष्य तोकिएकोमा सो आ.व.मा रु १०४ करोड ५२ लाख ३४ हजार राजस्व असूली भई लक्ष्यको ८३.२६ प्रतिशत प्रगती भएको छ । जुन अघिल्लो आ.व. को तुलनामा करिब २.९३ प्रतिशतले बढी हो ।
- **आयकरः** आयकर तर्फ आ.व २०८०/०८१ मा रु २५ करोड ३९ लाख ८३ हजार लक्ष्य मध्ये रु २५ करोड २१ लाख २७ हजार असुल हुन गई लक्ष्यको ९९.२७ प्रतिशत प्रगती भएको छ । जुन अघिल्लो आ.व को तुलनामा करिब ०.७५ प्रतिशतले कमी हो । आर्थिक मन्दीले आयकर बढी दाखिला गर्ने निर्माण ब्यवसायीहरुको कारोवार संचालन हुन नसक्दा सिमेन्ट तथा छड उद्योग पूर्ण क्षमतामा संचालन हुन नसक्नु, स्थानीय निकायहरुले उत्खनन् जन्य पर्दाथहरुमा ठेक्का लगाउन नसक्नु, मदिराजन्य अन्तःशुल्क उद्योग संचालन हुन नसक्नु प्लाईउड उद्योगहरुले निर्यात बढाउदै लैजानु, आर्थिक ऐन, २०८०र८१ मा छुट सुविधा दिनु कारणले अघिल्लो आर्थिक वर्षको तुलनामा राजस्व संकलन कमी देखिएको हो ।
- **मू.अ. करः** रु ४५ करोड १२ लाख ८० हजार लक्ष्य निर्धारण भएकोमा रु ३३ करोड ४४ लाख ८० हजार असुल लक्ष्यको ७४.१२ प्रतिशत संकलन भएको छ । सो असूली आ.व २०८०/०८१ को तुलनामा करिब ११.३० प्रतिशतले कमी देखिन्छ ।
- **अन्त शुल्कः** रु ४८ करोड ६१ लाख ९७ हजार लक्ष्य तोकिएकोमा रु ४१ करोड ९३ लाख ६९ हजार असुल भई ८६.२५ प्रतिशतले प्रगती भएको छ । जुन अघिल्लो आ.व को तुलनामा करिब १७.२४ प्रतिशतले बढी भएको छ ।


## समग्र राजस्व लक्ष्य तथा प्रगती

### तालिका नं. १

रु हजारमा

| आ.व. | ०७९/२०७८ | | | ०८०/२०७९ | | | ०८१/२०८० | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | लक्ष्य | प्रगती | प्रगती प्रतिशत | लक्ष्य | प्रगती | प्रगती प्रतिशत | लक्ष्य | प्रगती | प्रगती प्रतिशत |
| राजस्व लक्ष्य र प्रगति | १७०२७०९ | १४२१९५८ | ८३.५१ | १७१९७५४ | १०१५४२६ | ५९.०४ | १२५५३३१ | 1045234 | ८३.२६ |

### चित्र नं. १





कार्यालयको विगत तीन वर्षको समग्र राजस्व असुलीको लक्ष्य र प्रगतीको तुलनात्मक स्थिती लाई हेर्दा राजस्व संकलनमा उल्लेख्य प्रगती भएको मान्न सकिन्छ ।

## मू.अ.कर असूली

तालिका नं.२

| आ.व. | ०७९/२०७८ | | | ०८०/२०७९ | | | ०८१/२०८० | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | लक्ष्य | प्रगती | प्रगती प्रतिशत | लक्ष्य | प्रगती | प्रगती प्रतिशत | लक्ष्य | प्रगती | प्रगती प्रतिशत |
| मूकर.अ. | ६३८२९६ | ४९००४९ | ७६.७७ | ५९७८४१ | ३७१९९२ | ६२.२२ | ४५१२८० | ३३४४८० | ७४.१२ |

चित्र नं. २




मू.अ. कर लक्ष्य तथा असूली विगत तीन वर्षमा मु.अ.कर तर्फको यस कार्यालयको लक्ष्य र असुली लाई तुलनात्मक रुपमा चित्रण गरिएको छ ।

## आयकर असुली

### तालिका नं.३

रु हजारमा

| आ.व. | ०७९/२०७८ | | | ०८०/२०७९ | | | ०८१/२०८० | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | लक्ष्य | प्रगती | प्रगती प्रतिशत | लक्ष्य | प्रगती | प्रगती प्रतिशत | लक्ष्य | प्रगती | प्रगती प्रतिशत |
| आयकर | २६०७१९ | ३४९३०७ | १३३.९८ | ४१२२०० | २५३९८३ | ६१.६२ | २५३९८३ | २५१६२२ | ९९.27 |

### चित्र नं. ३




## अन्तःशुल्क असुली

### तालिका नं.४

रु हजारमा

| आ.व. | २०७८/०७९ | | | २०७९/०८० | | | २०८०/०८१ | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | लक्ष्य | प्रगती | प्रगती प्रतिशत | लक्ष्य | प्रगती | प्रगती प्रतिशत | लक्ष्य | प्रगती | प्रगती प्रतिशत |
| अन्तःशुल्क | ७४५८१३ | ५२३६९९ | ७०.२२ | ६३८९१३ | ३४७२९४ | ५४.३६ | ४८६१९७ | ४१९३६९ | ८६.२५ |


### चित्र नं.४




प्रस्तुत तालिकामा विगत तीन वर्षको आयकरको लक्ष्य र असुलीको तुलनात्मक स्थितीको चित्रण गरिएको छ । अन्तःशल्कको लक्ष्य र असुलीलाई हेर्दा सन्तोषजनक देखिन्छ ।

आर्थिक वर्ष २०८०/०८१ मा आन्तरिक राजस्व कार्यालय कृष्णनगरको संरचनात्मक अवस्थाको विश्लेषण गर्दा कुल लक्ष्य १२५ करोड ५३ लाख भएकोमा कुल असुली १०४ करोड ४७ लाख भएको छ । जुन लक्ष्यको तुलनामा ८३.२६ प्रतिशत हो र अघिल्लो वर्षको तुलनामा वृद्धिदर २.८५ प्रतिशतले बढी हो । यस कार्यालय अन्र्तगतको आन्तरिक राजस्वसंकलनको संरचनात्मक स्थितीको विश्लेषण गर्दा आयकर, मूल्य अभिबृद्धि कर, अन्तःशुल्क, व्याज कर र बहाल करको हिस्सा क्रमशः २४, ३३, ४१, १, १ प्रतिशत रहेको छ ।

**चित्र नं.५**



## तालिका नं.५

## आन्तरिक राजस्व संकलनको समष्टिगत विश्लेषण २०८०/०८१

रु हजारमा

| | लक्ष्य रु | प्रगति रु | प्रतिशत |
|---|---|---|---|
| आयकर | 253983 | 252127 | 99.27 |
| बहाल कर | 15699 | 8027 | 51.13 |
| व्याजकर | 18850 | 9527 | 50.54 |
| मू.अ.कर | 451280 | 334480 | 74.12 |
| अन्तःशुल्क | 486197 | 419369 | 86.25 |
| शिक्षा शुल्क कर | 29302 | 21695 | 74.04 |
| स्वास्थ्य सेवा | 20 | 9 | 47.76 |
| जम्मा | 1255331 | 1045234 | 83.26 |

### २.५.१ बेरुजु लगत

आ.व.२०८० असार मसान्त सम्मको वेरुजुको लगत १३ करोड ८४ लाख रहेको यस कार्यालयको लागि आ.व.२०८०/०८१ मा वेरुजु फछ्यौटको लक्ष्य रु १२ करोड ४६ लाख २९ हजार रहेकोमा लक्ष्यको रु १२ करोड ८५ लाख अर्थात १०३ प्रतिशत वेरुजु फछ्यौट गरी सम्परीक्षणको लागि विभाग लेखि पठाईएको छ ।

## २.५.१ बेरुजु फछ्यौट सम्परीक्षण


**तालिका नं. ६**

**रु हजारमा**

| आ.व. | २०७८/०७९ | | | २०७९/०८० | | | २०८०/०८१ | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | लक्ष्य | प्रगती | प्रगती प्रतिशत | लक्ष्य | प्रगती | प्रगती प्रतिशत | लक्ष्य | प्रगती | प्रगती प्रतिशत |
| बेरुजू फछ्यौट | 43251 | 32708 | 76 | 67988 | 0 | 0 | 103857.75 | 0 | 0 |

**चित्र नं.६**

**रू हजारमा**



### २.५.२ बक्यौता असुलीको उपलब्धीः

यस कार्यालयले आ.व. २०८०/०८१ मा मू.अ.कर तर्फ रु १ करोड ८ लाख २४ हजार बक्यौता फछ्यौट गर्ने लक्ष्य रहेकोमा रु ३ करोड ७० लाख ५८ हजार बक्योता फछ्यौट गरेको छ । लक्ष्यको तुलनामा ३४२ प्रतिशतले बक्यौता असुलीमा प्रगती भएको छ । त्यस्तै आयकर तर्फ रु १ करोड १४ लाख २६ हजार बक्यौता फछ्यौट गर्ने लक्ष्य तोकिएकोमा रु १ करोड १६ लाख ८१ हजार बक्यौता फछ्यौट भएको छ । जुन लक्ष्यको तुलनामा १०२ प्रतिशत प्रगती हो । लामो समयसम्म धेरै बक्यौता राख्ने करदातामध्ये आ.व. २०८०/०८१ मा मू.अ.कर तर्फ ५ करदातालाई कानुनी कारबाही गर्ने लक्ष्य तोकिएकोमा १० करदातालाई आयकर तर्फ ९ करदातालाई कानुनी कारबाही गर्ने लक्ष्य तोकिएकोमा १० करदातालाई र अन्तः शुल्क तर्फ ० करदातालाई कानुनी कारबाही गर्ने लक्ष्य तोकिएकोमा ० करदातालाई कानुनी कारबाही गरिएको छ ।

**Income Tax & VAT Arear Collection 2080/081**

**तालिका नं.७**

रु हजारमा

| | target | achievement | Percent |
|---|---|---|---|
| Collection of IT Dues ('000) | ११४२६.९८ | ११६८१.५७ | १०२% |
| Collection of VAT Dues ('000) | १०८२४.६३ | ३७०५८.२५ | ३४२% |
| IT dues adjustment ('000) | २७४२४.७४ | १५००१.७७ | ५५% |
| VAT dues adjustment ('000) | २५९७९.१ | ५६८५.३२ | २२% |

**कानुनी कारबाहीको स्थिती**

**तालिका नं.८**

| सिं.नं. | विवरण | लक्ष्य | प्रगती | प्रतिशत |
|---|---|---|---|---|
| १ | आयकर | ९ | १० | ११० |
| २ | मू.अ.कर | ५ | १० | २०० |
| ३ | अन्तः शुल्क | ० | ० | ० |

## संकलन भ्रमण

कार्यालयको अभिलेख अनुसार बक्यौता रहेका करदातालाई बक्यौता सम्बन्धमा जानकारी गराउन करदाताको कारोबार स्थलमा उपस्थित भई संकलन भ्रमण गर्ने गरिएको छ । यस कार्यालयलाई आ.व. २०८०/०८१ मा ६० करदाताको संकलन भ्रमण गर्ने लक्ष्य तोकिएकोमा ६६ करदाताको संकलन भ्रमण गरी लक्ष्यको तुलनामा ११० प्रतिशत प्रगती हासिल गरेको छ।


संकलन भ्रमण

### तालिका नं.९

रु हजारमा

| आ.व. | २०७८/०७९ | | | २०७९/०८० | | | २०८०/०८१ | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | लक्ष्य | प्रगती | प्रगती प्रतिशत | लक्ष्य | प्रगती | प्रगती प्रतिशत | लक्ष्य | प्रगती | प्रगती प्रतिशत |
| संकलन भ्रमण | 40 | 30 | 75 | 42 | 44 | 105 | 60 | 66 | 110 |

### चित्र नं.७



## करदाता सेवा शाखा

## करदाता दर्ताको अवस्था

यस कार्यालयबाट आ.व. २०८०/०८१ मा व्यवसायिक स्थायी लेखा नं लिने करदाता ५६७ थप भइ जम्मा करदाता १०६६८ पुगेका छन । मू.अ.करमा ९१ करदाता दर्ता थप भइ कूल करदाता १४४० पुगेका छन । त्यस्तै व्यक्तिगत स्थायी लेखा नं लिने करदाताको संख्या २३६९ थप भइ ३१७०२ पुगेका छन ।


**यस कार्यालयमा विगत ३ आ.व मा दर्ता भएका करदाताको स्थिती**

करदाता दर्ताको स्थिती

तालिका नं.१०

| सिं.नं. | | २०७८/७९ | २०७९/८० | २०८०/८१ |
|---|---|---|---|---|
| 1 | IT only | ९४४१ | १०१०२ | १०६६९ |
| 2 | VAT also | १२५० | १३४९ | १४४० |
| 3 | Excise | १०५४ | १११३ | ११९० |
| 4 | PPAN | २७१३४ | २९३३५ | ३१७०२ |
| 5 | WPAN | १३२ | २५१ | ३०५ |
| 6 | Total | ३९०११ | ४२१५० | ४५३०६ |

**चित्र नं.८**



**आयविवरण दुरत लेखापरीक्षण** (Rapid verification )

करदाताले पेश गरेका डे ०३ आयविवरणहरुको सम्बन्धमा विवरण साथ राखुपर्ने कागजात राखे नराखेको, करको गणना ठीक भए नभएको सम्बन्धमा छानबीन गरी गरिने परीक्षण नै आयविवरण दुरत लेखापरीक्षण (**Rapid verification**) हो । यस कार्यालयलाई आ.व २०८०/८१ मा १८८ आयविवरणको आयविवरण दुरत लेखापरीक्षण गर्ने लक्ष्य तोकिएकोमा २११ आयविवरणको दुरत लेखापरीक्षण गरी लक्ष्यको तुलनामा ११२ प्रतिशत प्रगती हासिल भएको छ ।


**तालिका नं.११**

रु हजारमा

| आ.व. | २०७८/७९ | | | २०७९/८० | | | २०८०/८१ | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | लक्ष्य | प्रगती | प्रतिशत | लक्ष्य | प्रगती | प्रतिशत | लक्ष्य | प्रगती | प्रतिशत |
| आयकर निर्धारण | 190 | 190 | 100 | 180 | 182 | 101 | 188 | 211 | 112 |

विगत ३ आ.व को आयविवरण लेखापरीक्षण को स्थिती:

**चित्र नं.९**




विगत ३ आ.व को आयविवरण द्रुत लेखापरीक्षण बाट माग गरिएको रकमको विवरण

**तालिका नं.१२**

रु हजारमा

| आ.व. | २०७८/७९ | | | २०७९/८० | | | २०८०/८१ | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | लक्ष्य | प्रगती | प्रतिशत | लक्ष्य | प्रगती | प्रतिशत | लक्ष्य | प्रगती | प्रतिशत |
| आयकर रकम निर्धारण | 3800 | 3425.76 | 90 | 1000 | 1783.05 | 178 | 1100 | 1220.56 | 111 |

चित्र नं. १०




यस कार्यालयमा मू.अ करमा दर्ता भएका करदाताले बुझाएको विवरणको संरचनात्मक अवस्था:

**मूल्य अभिवृद्धि कर विवरणको संरचनात्मक अवस्था २०८०/०८१ को VAT संख्या १४४०**

**तालिका न. १३**

| सिं.नं. | | २०७८।७९ | २०७९।८० | २०८०।८१ |
|---|---|---|---|---|
| १ | डेबिट विवरण दिने | २५८ | २०६ | १८५ |
| २ | क्रेडिट विवरण दिने | ५६४ | ३८५ | ३१७ |
| ३ | शुन्य विवरण दिने | ३३१ | २४८ | २०६ |
| ४ | ननफाईलर | - | ३९.९३% | ५१% |
| | जम्मा | ११५३ | ८३९ | ७०८ |

**चित्र नं. ११**





यस कार्यालयमा दर्ता भएका करदाताले बुझाएको आय विवरणको संरचनात्मक अवस्था

## आयकर विवरणको संरचनात्मक अवस्था

तालिका नं.१४

| सि.नं. | विवरण | २०७७।७८ | २०७८।७९ | २०७९।८० |
|---|---|---|---|---|
| १ | डे १ विवरण | ३३६७ | ४१६९ | ३९५७ |
| २ | डे २ विवरण | ३०२ | ३६४ | ३७२ |
| ३ | डे ३ विवरण | १६४४ | ११०२ | ११३५ |
| | जम्मा | ५३१३ | ५६३५ | ५४६४ |

**चित्र नं.१२**



### २.५.३ करदाता शिक्षाको अवस्थाः


यस कार्यालयले कार्यालय कार्य क्षेत्र भित्र कर सम्बन्धी चेतना अभिवृद्धि गर्न आर्थिक वर्ष २०८०/८१ भर निरन्तर रुपमा करदाता शिक्षा कार्यक्रम संचालन गरिरहयो । यस कार्यालयलाई आ.ब. २०८०/८१ मा १५ वटा करदाता शिक्षा कार्यक्रम संचालन गर्ने लक्ष्य तोकिएकोमा १७ वटा करदाता शिक्षा कार्यक्रम संचालन गरी लक्ष्यको ११३ प्रतिशत प्रगती हासिल गर्न सफल भएको छ । करदाता शिक्षा कार्यक्रममा आयकर मू.अ.कर, अन्तःशुल्क, ननफाइलर आर्थिक अध्यादेश २०८०/८१ ले दिएका छुट सम्बन्धी व्यवस्था लगायत कर सम्बन्धी समसामयिक बिषयमा छलफल गरियो ।

### विगत ३ आर्थिक वर्षको करदाता शिक्षाको लक्ष्य र प्रगतीको अवस्था

तालिका नं.१५

| २०७८/७९ | | | २०७९/८० | | | २०८०/८१ | | |
|---|---|---|---|---|---|---|---|---|
| लक्ष्य | प्रगती | प्रगती प्रतिशत | लक्ष्य | प्रगती | प्रगती प्रतिशत | लक्ष्य | प्रगती | प्रगती प्रतिशत |
| 10 | 10 | 100 | 12 | 12 | 100 | 15 | 17 | 113 |

चित्र नं.१३



### २.५.४ राष्ट्रिय कर दिवस तथा कर सप्ताह कार्यक्रम, २०८०

आन्तरिक राजस्व विभागले प्रत्येक वर्ष मंसिर १ गतेलाई राष्ट्रिय कर दिवस र मंसिर १ देखी ७ गतेसम्म लाई कर सप्ताहको रुपमा मनाउंदै आएको छ । आन्तरिक राजस्व कार्यालय कृष्णनगरले २०८० मंसिर १ गते बाह्रो राष्ट्रिय कर दिवस तथा २०८० मंसिर १ देखी ७ गतेसम्म विविध कार्यक्रम संचालन गरी कर सप्ताह कार्यक्रम सम्पन्न गरेको छ ।

## ३ पूर्ण कर परीक्षण शाखा

पूर्ण करपरीक्षणः

आ.व २०८०/८१ मा आन्तरिक राजस्व विभागबाट छनौट भई आएका र यस कार्यालयबाट छनौट भएका ८० र विगतका आ.व. बाट ३७ गरी ११७ जिम्मेवारी सरी आएका मध्ये यस आय वर्षमा ५९ वटा आय विवरणको पूर्ण करपरीक्षण गरिएको छ। यस कार्यालयलाई आ.व. २०८०/८१ मा १०९ आयविवरणको पूर्ण करपरीक्षण गर्ने लक्ष्य तोकिएकोमा ५९ वटा आय विवरणको पूर्ण करपरीक्षण गरी लक्ष्यको ५४.१२ प्रतिशत प्रगती हासिल भएको छ । देहाय बमोजि ५८ वटा आय विवरणको पूर्ण करपरीक्षण गर्न बाँकी रहेको छ ।

कर परीक्षण गर्न बाँकी करदाताको विवरण

तालिका नं.१६

| कर परीक्षण गर्नुपर्ने आ.व. | कर परीक्षण गर्न बांकी संख्या |
|---|---|
| २०७६/७७ | १ |
| २०७७/७८ | ६ |
| २०७८/७९ | १२ |
| २०७९/८० | ३९ |
| जम्मा | ५८ |

## पूर्ण करपरीक्षणको विवरण


तालिका नं.१७

रु हजारमा

| आ.व. | २०७८/७९ | | | २०७९/८० | | | २०८०/८१ | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | लक्ष्य | प्रगती | प्रतिशत | लक्ष्य | प्रगती | प्रतिशत | लक्ष्य | प्रगती | प्रतिशत |
| पूर्ण करपरीक्षण | 68 | 92 | 135.29 | 99 | 111 | 112.12 | 109 | 59 | 54.12 |

पूर्ण करपरीक्षणको विवरण


चित्र नं. १४




आर्थिक वर्ष २०८०/८१ करनिर्धारणको तुलनात्मक स्थिती: (रु हजारमा)

पूर्ण करपरीक्षण तर्फ कुल रु २५५६६ आयकर, रु १८४०४ मू.अ.कर रु २९७४ र अन्तःशुल्क रु ७१६२ बृत्तमा कर निर्धारण तुलनात्मक स्थिती

चित्र नं.१५




**आयकर निर्धारणको स्थिती**

आर्थिक वर्ष २०७९/८० मा यस कार्यालयलाई पूर्ण करपरीक्षणबाट रु ३१५०००००।०० आयकर निर्धारण गर्ने लक्ष्य तोकीएकोमा रु ४३००७०००।०० प्रगती हासिल गरी लक्ष्यको १३७ प्रतिशत प्रगती हासिल गर्न सफल भएको छ । विगत तीन वर्षको आयकर निर्धारणको लक्ष्य र प्रगतीलाई प्रस्तुत गरिएको छ ।

## आयकर निर्धारण


तालिका नं. १८

रु हजारमा

| आ.व. | २०७८/७९ | | | २०७९/८० | | | २०८०/८१ | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | लक्ष्य | प्रगती | प्रतिशत | लक्ष्य | प्रगती | प्रतिशत | लक्ष्य | प्रगती | प्रतिशत |
| आयकर निर्धारण | 16428.81 | 20337 | 124 | 31500 | 43007 | 137 | 34155 | 18404 | 54 |

आयकर निर्धारण

चित्र नं.१६




## मू.अ.कर निर्धारणको स्थिती

आर्थिक वर्ष २०८०/८१ मा यस कार्यालयलाई रु ७५ लाख मू.अ.कर निर्धारण गर्ने लक्ष्य तोकीएकोमा २९ लाख ७४ हजार प्रगती हासिल गरी लक्ष्यको ४० प्रतिशत प्रगती हासिल गर्न सफल भएको छ । विगत तीन वर्षको मू.अ.कर निर्धारणको लक्ष्य र प्रगतीलाई प्रस्तुत गरिएको छ ।

## मू.अ.कर निर्धारण


तालिका नं. १९

रु हजारमा

| आ.व. | २०७८/७९ | | | २०७९/८० | | | २०८०/८१ | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | लक्ष्य | प्रगती | प्रतिशत | लक्ष्य | प्रगती | प्रतिशत | लक्ष्य | प्रगती | प्रतिशत |
| मू.अ.कर निर्धारण | 13917.88 | 9236 | 66.36 | 8250 | 14089 | 171 | 7500 | 2974 | 40 |

मू.अ.कर निर्धारण

चित्र नं. १७




## ३.१ कर अनुसन्धान

आ.व २०७९/८० मा आन्तरिक राजस्व विभागबाट छनौट भई आएका र यस कार्यालयबाट छनौट भएका र विगतका आ.व. बाट जिम्मेवारी सरी आएका मध्ये यस आय वर्षमा ९ वटा विवरणको विस्तृत अनुसन्धान गरिएको छ । यस कार्यालयलाई आ.व. २०८०/८१ मा ५ आयविवरणको विस्तृत अनुसन्धान गर्ने लक्ष्य तोकिएकोमा ८ आयविवरणको विस्तृत अनुसन्धान गरी लक्ष्यको १६० प्रतिशत प्रगती हासिल भएको छ ।

विस्तृत अनुसन्धानको संख्यात्मक विवरण


तालिका नं. २०

रु हजारमा

| आ.व. | २०७८/७९ | | | २०७९/८० | | | २०८०/८१ | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | लक्ष्य | प्रगती | प्रतिशत | लक्ष्य | प्रगती | प्रतिशत | लक्ष्य | प्रगती | प्रतिशत |
| विस्तृत अनुसन्धान | 5 | 21 | 420 | 5 | 9 | 180 | 5 | 8 | 160 |

विस्तृत अनुसन्धानको संख्यात्मक विवरण

चित्र नं.१८




## कर अनुसन्धानबाट कर निर्धारण

आर्थिक वर्ष २०८०/८१ मा यस कार्यालयलाई विस्तृत अनुसन्धानबाट आयकर तर्फ रु ३ करोड ४१ लाख कर निर्धारण गर्ने लक्ष्य तोकिएकोमा रु १ करोड ८४ लाख ४ हजार प्रगती हासिल गरी लक्ष्यको ५४ प्रतिशत प्रगती हासिल भएको छ । त्यस्तै मु.अ.कर तर्फ रु ७५ लाख कर निर्धारण गर्ने लक्ष्य तोकिएकोमा २९ लाख ७४ हजार प्रगती हासिल गरी लक्ष्यको ४० प्रतिशत प्रगती हासिल भएको छ । विस्तृत अनुसन्धानबाट विगत तीन वर्षको कर निर्धारणको लक्ष्य र प्रगतीलाई प्रस्तुत गरिएको छ ।


तालिका नं.२१

रु हजारमा

| आ.व. | २०७८/७९ | | | २०७९/८० | | | २०८०/८१ | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | लक्ष्य | प्रगती | प्रतिशत | लक्ष्य | प्रगती | प्रतिशत | लक्ष्य | प्रगती | प्रतिशत |
| आयकर निर्धारण | 9840 | 13981 | 142 | 11808 | 6127 | 52 | 34155 | 18404 | 54 |
| मू.अ.कर निर्धारण | 8400 | 9393 | 112 | 10080 | 7194 | 71 | 7500 | 2974 | 40 |
| जम्मा | 18240 | 23374 | 128.15 | 21888 | 13321 | 60.86 | 41655 | 21378 | 51.32 |

विगत तीन बर्षको अनुसन्धानबाट कर निर्धारण गरिएको लक्ष्य र प्रगतीको तुलनात्मक स्थिती:

चित्र नं.१९




## ३.२ अवैध मदिरा नियन्त्रण

आन्तरिक राजस्व कार्यालय कृष्णनगरले कपिलवस्तु जिल्लामा मदिराजन्य वस्तुहरु बिक्रि गर्ने स्थानमा अनुसन्धान तथा अनुगमन गरी अवैध रुपमा राखिएका मदिरा नियन्त्रण गरी सोको व्यवस्थापन गरेको छ । यस कार्यालयलाई आ.व. २०८०/८१ मा ३ पटक अवैध मदिरा

नियन्त्रण गर्ने लक्ष्य तोकिएकोमा ५ पटक नियन्त्रण गरी लक्ष्यको १६६.६६ प्रतिशत प्रगती हासिल भएको छ ।

## ३.३ कर संकलन लागत

आर्थिक वर्ष २०८०/०८१ मा यस कार्यालयबाट रु १ अर्ब ०४ करोड ५२ लाख राजस्व संकलन गर्न चालु तर्फ रु १ करोड रु ७४ लाख खर्च भएको छ भने पुंजीगत तर्फ रु ६ लाख ४४ हजार खर्च भएको छ । चालु खर्चको हिसाव गर्दा रु १००० राजस्व संकलन गर्न रु १६.६५ र कुल खर्चको हिसावले रु १७.२७ लागत परेको छ ।

## ३.४ सूचना प्रविधीको प्रयोगः

यस कार्यालयले सूचना प्रविधीको प्रयोगलाई उच्च प्राथमिकतामा राख्दै आन्तरिक राजस्वविभागले संचालनमा ल्याएको विभिन्न software प्रयोगमा ल्याई करदातालाई छिटोछरितो गुणस्तरीय र करदातामैत्री सेवा प्रवाह गर्दे आएको छ । यस कार्यालयले संचालनमा ल्याएको software हरु निम्न छन् ।

1.excise software
2. OffICER PORTAL
3.eims, taxpayer portal
4.wave base service
5.Suspicious pan upload
6.Data mismatch

## ३.५ एकीकृत बजार अनुगमनः

आ.व. २०८०/८१ भरि निरन्तर रुपमा नै बजार अनुगमन कार्यक्रम संचालन गरियो । सो आ.व. मा कर अधिकृत नेतृत्वको टोलीद्धारा १५० तोकिएको निर्धारित लक्ष्यमा कुल १६५ करदाताको कारोबार स्थलको निरीक्षण गरी लक्ष्यको ११० प्रतिशत प्रगति गरियो, आयकर, मु.अ.कर, अन्तःशुल्क, लगायत आयविवरण, बिल बिजक सम्बन्धमा अनुगमन गरियो ।

## ३.६ प्रतिष्पर्धात्मक व्यवस्थापनमा आन्तरिक राजस्व कार्यालय कृष्णनगरको स्थानः

आधुनिक व्यवस्थापनको अवधारणालाई आत्मसाथ गर्दै आन्तरिक राजस्व विभागले आफु अन्तर्गतका कार्यालयहरुलाई मासिक रुपमा तोकिएको शाखागत लक्ष्य र प्राप्त प्रगतीको आधारमा कार्यालयको

स्तर निर्धारण गर्ने र उत्कृष्ट कार्यालयलाई पुरस्कृत गर्दै आएको छ । आ.व.२०७९/८० मा आन्तरिक राजस्व विभागले तोकेको कार्यगत परिसुचकहरुको कार्यसम्पादनको मुल्याङकनमा देशभरिका ८१ वटा आन्तरिक राजस्व कार्यालयहरु र सेवा कार्यालयहरु मध्ये यस कार्यालयले औषत ८३.६५ प्रतिशत उपलब्धी हासिल गरी प्रथम स्थान हासिल गर्न सफल भएको छ । यसबाट यस कार्यालयको  स्थान अग्रपंतिमा राख्न  सक्रियतापूर्वक आ आफ्नो जिम्मेवारी निवार्ह गर्ने यस कार्यालयका सबै कर्मचारीहरु धन्यवादका पात्र छन् । साथै कार्यालयको हरेक अभियानमा सहभागिता जनाउने सबै करदाताहरु प्रति आभारि छौ ।

आन्तरिक राजस्व कार्यालयको कार्यक्षेत्र

अनुसुची १


| क्र.सं. | विवरण |
|---|---|
| १ | कृष्णनगर नगरपालिका |
| २ | महाराजगंज नगरपालिका |
| ३ | शिजराज नगरपालिका |
| ४ | विजयनगर गाँउपालिका |


अनुसूची २

<u>यस कार्यालय अन्तरगतका करदाता सेवा कार्यालयहरु</u>

आन्तरिक राजस्व कार्यालय कृष्णनगर, कपिलवस्तु फोन ०७६-५२०६३२/०७६-५०६२७

- करदाता सेवाकार्यालय तौलिहवा, कपिलवस्तु फोन ०७-७४२०९२०/०७७-४२०९२१
- करदाता सेवा कारयालय सन्धिखर्क, अर्घाखाँची फोन ०७६-५६०९४३






Projection System: MUTM, Spheroid - Everest 1830
© MOFALD 2017

अनुसूची ३

# कार्यालयको कर्मचारीहरुको संरचनात्मक अवस्था

## आन्तरिक राजस्व कार्यालय, कृष्णनगर

## कर्मचारी विवरणः

**उद्धवराज न्यौपाने**
कार्यालय प्रमुख (प्रमुख कर अधिकृत)

| | | | | |
|---|---|---|---|---|
| लिलानाथ पाण्डे<br>कम्प्यूटर अधिकृत | हेरम्बराज न्यौपाने<br>कर अधिकृत<br>(सूचना अधिकारी) | जग्गुलाल खराल<br>कर अधिकृत | रामहरी मरासिनी<br>कर अधिकृत | श्रीराज गौतम<br>कर अधिकृत |
| महेन्द्र पुरी<br>कर अधिकृत | | | | |
| कृष्णमोहन चौधरी<br>लेखापाल | खुम बहादुर रावत<br>नायब सुब्बा | रामकुमार यादव<br>नायब सुब्बा | रमेश शाही<br>नायब सुब्बा | |
| सुरज बेल्वासे<br>नायब सुब्बा | अनुपा पन्थी<br>नायब सुब्बा | रमेश कुमार शाह<br>नायब सुब्बा | | |
| ईश्वर के.सी<br>डा.ई.सु. | राजु पुन<br>डा.ई.सु | | | |
| सन्तराम थारु<br>.ह.स.चा. | फूलमति थारु<br>का.स. | डिल्लीराम थारु<br>का.स. | हेमन्तराज शर्मा<br>का.स. | |

## करको दायरामा आउनेलाई छुट सम्बन्धी व्यवस्था

- कुनै व्यक्तिले विगतमा कर लाग्ने आय आर्जन गरेको तर त्यसरी आर्जित आयमा कर नबुझाएको भए त्यस्ता व्यक्तिले PAN लिई आ.ब. २०७८/७९, २०७९/८० को आय विवरण र सोमा लाग्ने कर मात्र बुझाएमा सो बापत लाग्ने शुल्क तथा व्याज मिनाहा हुने,
- यसरी आय विवरण र कर बुझाएमा सो भन्दा अघिका आय वर्षहरुको सम्पुर्ण कर दायित्व मिनाहा हुने।

यो सुविधा कहिले सम्म पाईन्छ?
- २०८१ फागुन मसान्त सम्म ।

## विवरण बुझाउन बाँकी करदातालाई छुट सम्बन्धी व्यवस्था

| विषय | करदाताको दायित्व | छुट | सुविधा पाउने समय सिमा |
|---|---|---|---|
| आय कर | ➢ हाल सम्मको आय विवरण पेश गर्ने,<br>➢ तिर्नु पर्ने आयकर दाखिला गर्ने,<br>➢ व्याज २५ % दाखिला गर्ने, | ➢ ढिलो आय विवरण वापतको सबै शुल्क मिनाहा<br>➢ ७५ % व्याज मिनाहा | २०८१ फागुन मसान्त सम्म |
| मू.अ.कर | ➢ हाल सम्मको भ्याट विवरण पेश गर्ने,<br>➢ तिर्नपर्ने भ्याट रकम दाखिला गर्ने,<br>➢ व्याजको ५० % दाखिला गर्ने, | ➢ ढिलो भ्याट विवरण वापतको सबै जरिवाना मिनाहा<br>➢ थप दस्तुर सबै मिनाहा<br>➢ ५० % व्याज मिनाहा | |

नेपाल सरकार

अर्थ मन्त्रालय

**आन्तरिक राजस्व विभाग**

**आन्तरिक राजस्व कार्यालय, कृष्णनगर**

**कपिलवस्तु**

" स्वेच्छिक सहभागिता सहितको फराकिलो कराधारः दिगो र उत्पादनमुखी अर्थतन्त्रको आधार "